# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

सं. ०७५/७६ सा.प्र.म.शा.
नं.

## आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०७५/०८/२५

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यस कार्यालयमा एक जना सूचना प्रविधि अधिकृत (IT Officer) को आवश्यकता रहेकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

क. पदको विवरण

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवाको प्रकृति |
|---|---|---|---|---|
| १ | ०१-०७५/०७६ | सूचना प्रविधि अधिकृत (IT Officer) | १ | करार |

**ख. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यू्नतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer Information and Communication Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (B.ED ICT, BIT, BIM, BBIS, BCA, BCIS, BSc.IT, BSc. CSIT, BEIT) उपाधि प्राप्त गरेको (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र), कार्य अनुभव भए अनुभवको प्रमाणपत्र ।

**ग. आवश्यक कागजातः** (१) व्यक्तिगत विवरण (२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि (४) दरखास्त दस्तुर बुझाएको नगदी रसिद । उल्लेखित प्रमाणपत्रका प्रतिलिपिहरु स्वयं प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**घ. उमेरको हदः** दरखास्त बुझाउने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ङ. करार अवधिः** २०७६ असार मसान्तसम्म ।

**च. कार्यशर्तको विवरण (TOR):** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेवसाइट (lgcdp.gov.np) को गृहपृष्ठमा उल्लेख भएको सूचना बमोजिम हुने ।

**छ. आवेदन दिने तरिका :** आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक, भरतपुरमा यस कार्यालयको नाममा रहेको खाता नम्बर १३१०३०४०१८१०२ मा जम्मा गरी भौचर संग्लन राखी हुलाक, ईमेल वा स्वयम् उपस्थित भई आवेदन दिन सकिनेछ।

**ज. छनोट प्रक्रियाः** छोटो सूची विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुनेछ ।

**झ. दरखास्त दस्तुर बापत रु.** १०००/-(एक हजार) मात्र यस कार्यालयमा नगद बुझाई सो को रसिद संलग्न गर्नु पर्नेछ ।

**ञ. सेवा र सुविधाः** तलब रु. ३०,५००/, चाडपर्व खर्च बापत रु ३०,५००/ र पोशाक भत्ता बापत रु. १०,०००/

**ट. आवेदन दिने अन्तिम मितिः** पुष १० गते मंगलबार कार्यालय समय सम्म

ठ. रीतपूर्वक दरखास्त फारम भरी यस कार्यालयमा सिधै वा इमेल मर्फात बुझाउनु पर्ने छ । रीत नपुर्याई आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

द्रष्टव्यः विस्तृत जानकारीको लागि भरतपुर महानगरपालिकाको वेवसाइट www.bhratpurmun.gov.np मा हेर्नु हुन तथा यस कार्यालयको फोन नं. ०५६-५२५६६१, ५२०१६७, E-mail: bmc@ntc.net.np/

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner